# बिरूवाको जातमा
# कृषक अधिकार

## पृष्ठभूमि

नेपाललाई "विविधतामा धनी" देशको रूपमा चिनिन्छ । प्राकृतिक र भौगोलिक विशेषताका कारणले मात्र होइन, आर्थिक, सामाजिक र सांस्कृतिक हिसाबले पनि नेपालको विविधता अद्वितीय छ । तर "विविधतामा धनी" नेपालका मानिस गरीब छन् । यहाँका ८६ प्रतिशत मानिस गाउँमा बस्छन् । यी मध्ये धेरैजसो साना तथा सिमान्त कृषकका रूपमा कृषिमा संलग्न छन् र उद्योग, व्यापार, सडक, बिजुली, सञ्चार, शिक्षा, स्वास्थ्य र रोजगार जस्ता विकासका पूर्वाधार र मानवीय आवश्यकताका आधारभूत सुविधाबाट वञ्चित छन् । यी कृषकहरू व्यवसायका लागि होइन, जीविकोपार्जनका लागि खेती गर्छन् । त्यसैले नेपालको समग्र विकास र यहाँका मानिसहरूको गरीबी निवारण र जीविकोपार्जनको कुरा गर्दा कृषि विकासको विषयलाई संवेदनशील र महत्वपूर्ण मानिन्छ ।

कृषि क्षेत्रको संवेदनशीलता र महत्ततालाई महसुस गर्दै विगतका केही दशकदेखि नै विकास योजनाहरूमा कृषिलाई प्राथमिक क्षेत्रको रूपमा पहिचान गरी यसको रूपान्तरण, सुधार र विकासका लागि विभिन्न नीति, नियम र कार्यक्रमहरू कार्यान्वयनमा नल्याइएको भने होइन । हाल पनि दीर्घकालीन कृषि योजना र कृषि नीतिका साथै अन्य विभिन्न नीति, नियम र कार्यक्रमहरू कृषि क्षेत्रको समग्र विकासका लागि कार्यान्वयनमा छन् । तर यस्ता प्रयासका बावजुद विभिन्न आन्तरिक र बाह्य समस्याहरूका कारण अपेक्षित रूपमा कृषि क्षेत्रको विकास गर्न सकिएको छैन र यसको प्रत्यक्ष प्रभाव राष्ट्रको अर्थतन्त्रका साथै कृषिमा आबद्ध लगभग ८० प्रतिशत जनताको जीविकोपार्जनमा पनि परिरहेको छ ।

यस्तो परिस्थितिमा कृषि क्षेत्रको विकासको प्रक्रियालाई कसरी अगाडि बढाउने भन्ने विषय गम्भीर छ । अहिले देशमा नयाँ राजनैतिक परिवेश छ र नव-नेपालको परिकल्पनालाई साकार बनाउन राष्ट्र र राज्य व्यवस्थाकै रूपान्तरण र पुनर्संरचना के कसरी गर्न सकिन्छ भनी विभिन्न तहमा बहसहरू भइरहेका छन् । देशको समग्र विकासमा कृषि क्षेत्रको भूमिकालाई मध्यनजर गरी कृषिका विभिन्न पक्षहरूमा पनि बहसहरू भइरहेका छन् । सीमित मात्रामा भएपनि यस्ता बहसहरूमा कृषिको साधन स्रोतमा कृषकको हकहित कसरी सुनिश्चित गर्न सकिन्छ भन्ने विषयमा छलफल हुने गरेको पाइन्छ, जसलाई सकारात्मक रूपमा नै लिनु पर्छ । तर कृषकको हकहितका विषयमा हुने यस्ता छलफलहरू राजनैतिक



## कोष्ठक १: बिरुवाको जात संरक्षण ऐनमा सुनिश्चित गरिनुपर्ने कृषक अधिकार

| पहिलो विकल्प<br>पेटन्टको व्यवस्था | दोस्रो विकल्प<br>प्रभावकारी मौलिक पद्धतिको व्यवस्था | तेस्रो विकल्प<br>दुवैको संयोजनको व्यवस्था |
| --- | --- | --- |
| बिरूवाको जात संरक्षणका लागि पेटन्टलाई नेपालले मात्र होइन, दक्षिण एशियाका बंगलादेश, भारत, पाकिस्तान र श्रीलंका लगायत कैयन अरू जैविक विविधतामा धनी विकासोन्मुख राष्ट्रहरूले पनि रूचाएका छैनन् । यसको प्रमुख कारण TRIPS मा राखिएको पेटेन्ट व्यवस्था जटिल मात्र नभई विरोधाभाषपूर्ण पनि छ । यस विकल्पले कृषि वैज्ञानिक, प्रजनक र बहुराष्ट्रिय बीउ कम्पनीलाई बिरूवाको जातमा पेटेन्टद्वारा एकाधिकार प्राप्त गर्न सक्ने छुट त दिएको छ तर नेपाल जस्तो मुलुकको परम्परागत कृषि प्रणालीमा आबद्ध कृषकको अधिकार संरक्षणका लागि कुनै व्यवस्था गरेको छैन । | पहिलो र तेस्रो दुवै विकल्पको तुलनामा दोस्रो विकल्पमा नेपाललाई धेरै लचकता छ । हुन त यस विकल्पलाई प्रयोग गरी ल्याउने राष्ट्रिय कानूनमा पनि नेपालले विशेष किसिमको बौद्धिक सम्पत्ति अधिकार अर्थात बिरूवाको जातमा प्रजनकको अधिकारको लागि स्वीकृति दिनुपर्ने हुन्छ (जुन पेटेन्ट जस्तो नै अधिकार हो), तर यस कानूनमा मौलिक पद्धति अपनाउने छुट रहेकोले राष्ट्रिय हितका विषयलाई पनि समेटी नेपालले कानून निर्माण र कार्यान्वयन गर्न सक्छ । जस्तै नेपालले आफ्नो राष्ट्रिय हितको स्वार्थलाई पुरा गर्न परापूर्वकालदेखि कृषिमा समर्पित कृषकको अधिकारको संरक्षणका लागि यस कानूनमा व्यवस्था गर्न सक्छ । | पेटन्ट र मौलिक पद्धति दुवैको संयोजन भएको व्यवस्थालाई अस्पष्ट मानिन्छ । त्यसमाथि यस अन्तर्गत पेटेन्ट जस्तो जटिल र विरोधाभाषपूर्ण व्यवस्थालाई मान्यता दिनुपर्ने भएकोले नेपालले यस विकल्पलाई नअपनाएको हो । |

परिधिभित्र रही भूमि, सिंचाई र अनुदान जस्ता पक्षमा मात्र केन्द्रित भएको देखिन्छ ।

वास्तवमा कृषिप्रधान मुलुकमा कृषकको हकहितको संरक्षणको विषयलाई एउटा संकुचित दायरा र सीमित परिवेशमा मात्र हेर्नु भनेको कृषकको उत्थानका लागि आवश्यक फराकिलो सोचको अभाव हो । प्रगतिशील र समृद्ध नव-नेपालको परिकल्पनालाई साकार बनाउने हो भने कृषकको हकहितको विषयलाई मुलुकको राजनैतिक परिवेशमा मात्र होइन, दूरदर्शिताका साथ बदलिँदो आर्थिक, व्यापारिक, सामाजिक र सांस्कृतिक परिवेशमा पनि हेरिनुपर्दछ र कृषि विकास र कृषकको हकहितको संरक्षणका लागि के कसरी "कृषक अधिकार" लाई कानूनीरूपमा स्थापित, संस्थागत र कार्यान्वयन गर्न सकिन्छ भन्ने विषयमा बहस गरी आवश्यक र उपयुक्त रणनीतिहरू बनाउनु पर्दछ ।

यसै सन्दर्भमा यस लेखमा नेपाल सन् २००४ मा विश्व व्यापार संगठन (World Trade Organisation-WTO) को सदस्य भएपछिको पृष्ठभूमिमा नेपाल सरकारले के कसरी कृषक अधिकारलाई कानूनीरूपमा स्थापित, संस्थागत र कार्यान्वयन गर्न आवश्यक छ भनी चर्चा गरिएको छ । लेखमा WTO को व्यापारसम्बन्धी बौद्धिक सम्पत्ति अधिकार सम्झौता (Agreement on Trade Related Aspects of Intellectual Property Rights-TRIPS) ले बिरूवाको जात संरक्षणका लागि राखेको प्रावधान र सदस्यता लिँदा उक्त प्रावधानमा नेपालले गरेको प्रतिबद्धताका कारण उब्जिएका केही महत्वपूर्ण सवालहरूका सम्बन्धमा कृषक अधिकारको विषयलाई प्रस्तुत गरिएको छ ।

## बिरुवाको जातमा बौद्धिक सम्पत्ति अधिकार र नेपाल

बौद्धिक सम्पत्ति अधिकार भनेको मानवीय विचार तथा ज्ञानको प्रयोगबाट कुनै व्यक्ति वा संस्थाले कुनै नयाँ वस्तु वा प्रविधि सिर्जना गर्दछ भने त्यस्तो सिर्जनाको व्यापारिक प्रयोगमा उक्त व्यक्ति वा संस्थालाई सरकारले प्रदान गर्ने एक किसिमको एकलौटी अधिकार (एकाधिकार) हो । यस्तो अधिकार सिर्जना गरिएको वस्तु वा प्रविधिलाई जनसेवामा ल्याउन उत्प्रेरित गर्ने उद्देश्यले प्रदान गरिन्छ । WTO अन्तर्गतको TRIPS सम्झौताले सबै सदस्य राष्ट्रलाई ट्रेडमार्क (जस्तै घडी, जुत्ता, खाद्य पदार्थमा ब्राण्ड वा व्यापार चिन्हको प्रयोग गरी लिइने अधिकार), कपीराइट (जस्तै किताब, लेख, संगीतमा प्रयोग गरिने अधिकार), भौगोलिक सूचक (जस्तै कुनै वस्तुको भौगोलिक विशेषताका आधारमा लिइने अधिकार), औद्योगिक ढाँचा (जस्तै कुनै कपडा, गहनाको डिजाइनमा लिइने अधिकार) लगायत पेटेन्ट (जस्तै कुनै नयाँ औषधिमा लिइने अधिकार) जस्ता व्यापारसँग सरोकार राख्ने विभिन्न बौद्धिक सम्पत्ति अधिकारलाई सम्झौतामा भएको प्रावधान बमोजिम राष्ट्रिय कानून ल्याई कार्यान्वयन गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरेको छ ।

विशेषगरी विकसित मुलुकका कृषि वैज्ञानिक, प्रजनक र बहुराष्ट्रिय कम्पनीहरूको स्वार्थमा WTO भित्र राखिएको TRIPS सम्झौता अन्तर्गत सदस्य राष्ट्रहरूले बिरूवाको जात संरक्षणका लागि पनि बौद्धिक सम्पत्ति अधिकारको व्यवस्था अपनाउनु पर्ने प्रावधान राखिएको छ । TRIPS को धारा २७.३ (ख) मा राखिएको प्रावधानले बिरूवाको जातमा बौद्धिक सम्पत्ति अधिकारको व्यवस्था

गर्न भनी सदस्य राष्ट्रहरूलाई तिनवटा विकल्प मध्ये एउटा विकल्पको प्रयोग गर्ने छुट दिएको छ – पेटेन्ट वा प्रभावकारी मौलिक पद्धति (effective *sui generis* system) वा दुवैको संयोजन भएको व्यवस्था । नेपालले TRIPS को कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दा बिरूवाको जात संरक्षणका लागि प्रभावकारी मौलिक पद्धति अपनाउने अर्थात छुट्टै राष्ट्रिय कानून ल्याउने प्रतिबद्धता जाहेर गरेको छ । नेपालले यहि विकल्पलाई नै अपनाउने निर्णय गर्नुको पछाडि राष्ट्रिय हितको स्वार्थ रहेको छ *(कोष्ठक १)* ।

## बिरुवाको जात संरक्षण र कृषक अधिकार

कृषि विकास र कृषकको हकहित संरक्षण गर्नका लागि नेपालमा उपलब्ध जैविक विविधताको संरक्षणका साथै त्यसको उपयोग गरी नयाँ कृषि बालीको विकास र प्रयोग गर्न आवश्यक छ । परापूर्वकालदेखि हालसम्म नेपालको परिवेशमा कृषकहरूले परम्परागत ज्ञानको उपयोग गरी जैविक विविधताको संरक्षण मात्र होइन, प्रजनकको हैसियतले विभिन्न बालीहरूको विकास पनि गर्दै आएका छन् । हाम्रो जस्तो मुलुकको सन्दर्भमा यस्ता क्रियाकलापहरू नै कृषकहरूका लागि जीविकोपार्जनको प्रमुख आधार हो । तर TRIPS अन्तर्गतको बौद्धिक सम्पत्ति अधिकारको व्यवस्थाले कृषकको यस्तो योगदानलाई बेवास्ता मात्र गरेको छैन, कृषकको जीविकोपार्जनलाई चुनौती दिँदै कृषकका अधिकारहरूमा पनि हस्तक्षेप गरेको छ ।

कृषि बाली विकास र खाद्य सुरक्षाका नाममा प्रायःजसो विकसित राष्ट्रका कृषि वैज्ञानिक, प्रजनक र बहुराष्ट्रिय बीउ कम्पनीहरू जैविक प्रविधि (biotechnology) को माध्यमबाट हाम्रो जस्तो मुलुकको जैविक विविधताको उपयोग गरी नयाँ बीउबिजनको बेचबिखनबाट व्यापारिक फाइदा मात्र लिइरहेका छैनन, त्यस्ता बीउबिजनमा पेटेन्ट र प्रजनकको अधिकार जस्ता बौद्धिक सम्पत्ति अधिकार लिई एकलौटीरूपमा उत्पादन, पुनरोत्पादन र महँगो मूल्यमा व्यापार गर्ने अधिकार पनि प्राप्त गरिरहेका छन् । कतिपय अवस्थामा त त्यस्ता वैज्ञानिक, प्रजनक र कम्पनीहरूले "पूर्व सुसूचित सहमति" बिना कृषकसँग कुनै बाली विशेषमा रहेको परम्परागत ज्ञानको समेत प्रयोग गरी नयाँ बीउ उत्पादन गर्ने र त्यसमा एकलौटी अधिकार कायम गर्न बौद्धिक सम्पत्ति अधिकार लिने गरेका छन् ।

TRIPS ले बिना कुनै रोकटोक यस्ता क्रियाकलापहरूलाई बढावा दिएकाले जैविक चोरीको समस्या बढ्नुका साथै एकातिर गरीब कृषकहरू त्यसरी विकास गरिने बालीको नयाँ जातका बीउबिजन माथिको सरल र सस्तो पहुँचबाट वञ्चित हुनुपर्ने वातावरण बनिरहेको छ भने अर्कोतिर उनीहरूका निम्ति परापूर्वकालदेखि आफैंले उपयोग, संरक्षण र विकास गर्दै आएको कृषि बाली र सोसम्बन्धी परम्परागत ज्ञानको जैविक र व्यापारिक उपयोगबाट सिर्जित फाइदामा हिस्सेदार हुन नपाउने अवस्था खडा भएको छ । यसै कारणले पनि धैरैजसो विकासोन्मुख राष्ट्रहरू TRIPS लाई विकसित राष्ट्रको "विकासमुखी" सम्झौता भनी आलोचना गर्छन् र यसले सन् १९९२ मा पारित भई सन् १९९३ देखि कार्यान्वयनमा आएको र हालसम्म नेपाल सहित १८८ राष्ट्र पक्षधर भएको जैविक विविधता महासन्धि (Convention on Biological Diversity-CBD) को मर्म र उद्देश्यलाई अवमुल्यन गरेको छ भनी विरोध गर्छन् ।

### कोष्ठक २: बिरुवाको जात संरक्षण ऐनमा सुनिश्चित गरिनुपर्ने केही कृषक अधिकारहरू

| बौद्धिक सम्पत्ति अधिकारद्वारा संरक्षित बिरूवाको नयाँ जातमा कृषक अधिकार | कृषकको स्थानीय जात र परम्परागत ज्ञानमा कृषक अधिकार |
|---|---|
| • बौद्धिक सम्पत्ति अधिकारद्वारा संरक्षित बिरूवाको नयाँ जातको बीउलाई जीविकापार्जनका उद्देश्यले जगेर्ना, साटासाट र पुर्नप्रयोग गर्न पाउने र ब्राण्ड प्रयोग नगरी बेच्न पाउने अधिकार<br>• बिरूवाको नयाँ जातको प्रजनकले सो जात विकास गर्न कृषकको जात वा परम्परागत ज्ञान वा दुवैको उपयोग गरेको भए सो जात र सो जातको बीउको जैविक र व्यापारिक उपयोगबाट सिर्जित लाभमा समन्यायिक रूपमा हिस्सेदार बन्न पाउने अधिकार<br>• प्रजनकले सो जातको विकास गर्नुपूर्व सरकार र समुदायसँग पूर्व सुसूचित सहमति नलिएको र लाभको बाँडफाँड सम्झौता नगरेको वा सो जात उपर बौद्धिक सम्पत्ति अधिकार लिने क्रममा सही स्रोत स्थल, समुदाय र मूल जात नखुलाएको ठहर भएमा क्षतिपूर्ति पाउने वा सो जातमा स्वामित्व दाबी गर्न वा त्यस्तो स्वामित्व खारेज गर्न पाउने अधिकार<br>• प्रजनकले सो जातको खराब बीउ आपूर्ति गरेको वा गलत सुचना दिएको कारणले कृषकलाई हानी नोक्सानी भए उचित क्षतिपूर्ति पाउने अधिकार<br>• प्रजनकले सो जातको बीउ आपूर्ति नगरे वा आपूर्ति गर्दा बदनियतपूर्ण र गैरप्रतिस्पर्धात्मक ढंगले गरे सो जातको बीउ उपर पहुँच पाउने अधिकार | • स्थानीय स्तरमा उपलब्ध र आफूले विकास गरेको बिरूवाका पुराना जात र सम्बन्धित परम्परागत ज्ञानलाई निःशुल्क दर्ता गरी त्यस्तो जात र ज्ञानमा कानूनीरूपमा स्वामित्व पाउने अधिकार<br>• स्वामित्व पाएको जात र परम्परागत ज्ञानको जैविक र व्यापारिक उपयोगका लागि पूर्व सुसूचित र लाभको बाँडफाँड सम्झौता भएपछि मात्र पहुँचमा सहमति दिने अधिकार<br>• स्वामित्व पाएको जात र परम्परागत ज्ञानको हरेक जैविक र व्यापारिक उपयोगका बारे जानकारी पाउने अधिकार |

## CBD र TRIPS बीचको अन्तरविरोध र कृषक अधिकार

CBD ले प्रत्येक राष्ट्रको प्राकृतिक स्रोत माथि सो राष्ट्रकै सार्वभौम अधिकार रहेको छ र आफ्नो राष्ट्रिय कानुन बमोजिम आनुवंशिक स्रोत माथिको "पहुँच" नियन्त्रण गर्ने अधिकार पनि सो राष्ट्रलाई नै छ भनी उल्लेख गरेको छ । तर CBD ले पहुँच नियन्त्रण गर्ने अधिकार हुनुको अर्थ पहुँच रोक्नु होइन बरू स्रोतको धनी राष्ट्रले पूर्व सुसूचित सहमतिका आधारमा आनुवंशिक स्रोतको दिगो उपयोग हुने गरी स्रोतको पहुँचलाई सहज बनाउनु पर्छ भन्ने कुरा पनि उल्लेख गरेको छ । त्यस्तै जैविक विविधताको संरक्षण र दिगो उपयोगका निम्ति आदिवासी, जनजाती र स्थानीय समुदायको परम्परागत ज्ञानको सम्मान र संरक्षण गर्दै त्यस्ता समुदायको सहमति र संलग्नतामा उनीहरूको ज्ञान, सीप र अभ्यासको व्यापक प्रयोगलाई प्रोत्साहित गर्नुपर्ने कुरा पनि महासन्धिले उल्लेख गरेको छ ।

यसरी हेर्दा CBD ले आदिवासी, जनजाती र स्थानीय समुदायको अधिकारको मात्र चर्चा गरे पनि यस महासन्धि अन्तर्गतको कानूनी व्यवस्थामा कृषक अधिकारलाई पनि सुनिश्चित गर्न सकिन्छ । तर TRIPS ले CBD का यस्ता मर्म र उद्देश्यहरूलाई प्रतिकूल असर पर्ने गरी बौद्धिक सम्पत्ति अधिकारको व्यवस्था गरेको छ । त्यसैले हाल पनि WTO स्तरमा विकासोन्मुख राष्ट्रहरू TRIPS को धारा २७.३ (ख) लाई परिमार्जन गर्नुपर्ने र आदिवासी, जनजाती र स्थानीय समुदाय लगायत कृषकका अधिकारलाई पनि बौद्धिक सम्पत्ति अधिकारको सम्झौता अन्तर्गत सुनिश्चित गरिनुपर्ने अडानका साथ वार्ता गरिरहेका छन् । यस क्रममा भारत र ब्राजिल लगायतका विकासोन्मुख राष्ट्रहरू बिरूवाको जात संरक्षण गर्ने कानूनमा प्रजनकको अधिकारका साथै कृषक अधिकारको पनि सुनिश्चितता हुनुपर्ने र यस व्यवस्थालाई सबै सदस्य राष्ट्रहरूले मान्यता दिनुपर्ने अडान पनि लिंदै आएका छन् । भारत लगायत केही अन्य जैविक विविधतामा धनी विकासोन्मुख राष्ट्रहरूले त कृषक अधिकारको पनि व्यवस्था गरी बिरूवाको जात संरक्षण ऐन नै लागू गरिसकेका छन् ।



## नेपालको सन्दर्भमा कृषक अधिकार

नेपालले पनि निकट भविष्यमा बौद्धिक सम्पत्ति अधिकारको व्यवस्थाका लागि बिरूवाको जात संरक्षण ऐन लागू गर्नुपर्ने भएकाले बिरूवाको नयाँ जातमा मात्र होइन, स्थानीय स्तरमा उपलब्ध र कृषक आफैंले विकास गरेको बिरूवाका पुराना जात र सम्बन्धित परम्परागत ज्ञानमा पनि कृषक अधिकारलाई कानूनीरूपमा स्थापित, संस्थागत र कार्यान्वयन गर्न आवश्यक छ *(कोष्ठक २)* ।

यस प्रक्रियामा नेपाल सरकारले कृषक समुदाय र प्रजनक लगायत अन्य सरोकारवालाहरूसँग विभिन्न तहमा छलफल र अन्तरक्रिया गरी राष्ट्रिय सहमति कायम गर्नुपर्ने हुन्छ । त्यस्तै यस विषयमा नीतिगत र सामुदायिक तहमा चेतना र क्षमता अभिवृद्धिका लागि सरकारले संस्थागत रणनीति बनाई सरोकारवालासँगको सहकार्यमा विविध कार्यक्रमहरू सञ्चालन गर्न पनि जरूरी छ । यस्ता प्रयासले WTO र अन्य अन्तर्राष्ट्रियस्तरमा भइरहेका वार्ताहरूमा नेपाल सरकारलाई राष्ट्रिय हितका लागि स्पष्ट अडान राख्न पनि सहयोग पुग्ने छ । ■

यो लेख साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड एन्भायरोन्मेन्ट (सावती) द्वारा सञ्चालित दोस्रो चरणको हिन्दुकुश हिमालय क्षेत्रका कृषकहरूको जीविकोपार्जनसम्बन्धी अधिकार कार्यक्रम अन्तर्गत जनहित संरक्षण मञ्च (प्रो पब्लिक) का लागि कमलेश अधिकारीद्वारा तयार पारिएको हो ।

आफ्नो अमूल्य सुझाव तथा टिप्पणीका साथै कृषक अधिकार कार्यक्रमबारे थप जानकारीका लागि निम्न ठेगानामा सम्पर्क वा पत्राचार गर्नुहुन अनुरोध गर्दछौं ।

PRO PUBLIC
PRO BONO PUBLICO

प्रो पब्लिक
कृषक अधिकार कार्यक्रम
अनामनगर, काठमाडौं, पो. ब. १४३०७
टेलिफोनः ०१ ४२६८६८१, फ्याक्स्ः०१ ४२६८०२२
e-mail: frp@propublic.wlink.com.np
web: www.propublic.org